वार्षिक प्रतिवेदन

आ.व २०८२/८३





बागमती प्रदेश सरकार

स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय

स्वास्थ्य निर्देशनालय

बज्रबाराही चापागाउँ अस्पताल

गोदावरी -११ , ललितपुर

Message from Chairperson



It is with great honor and pride that I present the Annual Report of Bajrabarahi Chapagaun Hospital for the fiscal year 2082/83. This report reflects our continued commitment to improving the health and well-being of our community through dedication, teamwork, and responsible management. It highlights our achievements, challenges, and the steps taken toward strengthening our capacity to deliver quality and accessible healthcare services.

Over the past year, the hospital has made notable progress in expanding services, upgrading infrastructure, and adopting digital systems to enhance efficiency and patient care. Despite constraints in resources and infrastructure, our team of healthcare professionals and administrative staff has shown remarkable resilience, professionalism, and compassion in serving patients with sincerity and respect. Their hard work has ensured that our hospital continues to be a trusted institution for the people of Lalitpur and beyond.

The Hospital Management Committee remains committed to upholding good governance, transparency, and accountability in all aspects of hospital operation. We believe that sustainable health improvement can only be achieved through partnership and shared responsibility.

On behalf of the Committee, I extend my sincere appreciation to the **Bagmati Province Government**, **all local governments**, **local leaders**, **civil society organizations**, and **the media** for their continuous cooperation, support, and encouragement. Your collaboration has been instrumental in our hospital's growth and in promoting health awareness across the community.

I also express heartfelt gratitude to our Medical Superintendent, doctors, nurses, technical personnel, and administrative team for their unwavering dedication.

As we look ahead, our focus will be on expanding specialized services, strengthening emergency and maternal health facilities, and ensuring that no one is deprived of essential healthcare. Together, with unity of purpose and collective effort, we will continue to build Bajrabarahi Chapagaun Hospital into a model institution of excellence, compassion, and public trust

Thank you,
Ram Hari Ghimire
Chairperson
Hospital Operational and Management Committee
Bajrabarahi Chapagaun Hospital, Lalitpur

Message from Medical Superintendent



It is with great honor that I present the Annual Report of Bajrabarahi Chapagaun Hospital for the fiscal year 2082/83. This report reflects the tireless efforts and unwavering dedication of our entire hospital team during a period marked mostly by challenges and limitations but also presenting with opportunities for growth. It is a comprehensive summary of the performance of all departments, the health services provided, and the steps we have taken to improve the health status of our community.

In this report, we present not only the current status of the hospital's services but also an evidence-based approach to support our planning and decision-making processes. It highlights key aspects of our infrastructure, workforce, service statistics, challenges faced, and the new initiatives we have undertaken to strengthen our ability to meet Minimum Service Standards (MSS).

At Bajrabarahi Chapagaun Hospital, our core values of collaboration, transparency, and respect creates us to build a positive and productive work environment. These principles empower our team to leverage their skills and experience, ensuring we deliver the best possible care to our patients.

Our unwavering focus on patient care and safety, alongside a commitment to clinical excellence and embracing updated medical technologies, remains the cornerstone of our success. We believe that through innovation and teamwork, we can continue to achieve improved outcomes for all those we serve.

I would like to express my deepest appreciation to every member of our staff. Your perseverance, hard work, and dedication have saved countless lives, and you are truly the heroes of our hospital. Thank you for your continuous effort, especially during difficult and demanding times. Your strength and resilience make Bajrabarahi Chapagaun Hospital a beacon of hope in our community.


A special acknowledgment goes to our Medical Recorder Inspector Mr.Bikram Bishwakarma, IT Officer Mr. Rijan Maharjan and all the supporting staff who contributed to the preparation of this report. Your hard work in gathering accurate data and information has been invaluable in ensuring the success of this report.

Lastly, I extend my sincere gratitude to Bagmati Province government, local government, local leaders, civil society, and the media for their continued support in helping us improve and expand our services.Together, we will continue our mission to provide excellent healthcare services and improve the overall well-being of our community.

Dr.Kisan Nepali
Medical Superintendent
Bajrabarahi Chapagaun Hospital, Lalitpur

मन्तव्य

"विधिको शासन, सुशासन र सार्वजनिक सेवाप्रतिको उत्तरदायित्व"



सार्वजनिक सेवा केवल पदीय जिम्मेवारी निर्वाह गर्ने औपचारिक प्रक्रिया होइन; यो राज्यप्रति नागरिकको विश्वास, सार्वजनिक स्रोतसाधनको सदुपयोग तथा नागरिकका अधिकारको प्रभावकारी कार्यान्वयनसँग प्रत्यक्ष रूपमा जोडिएको उत्तरदायित्वपूर्ण दायित्व हो। कुनै पनि सार्वजनिक संस्थाको वास्तविक पहिचान त्यसले निर्माण गरेको भौतिक संरचना वा विस्तार गरेको सेवाबाट मात्र नभई अवलम्बन गरेको कार्यसंस्कृति, विधिसम्मत कार्यसम्पादन, संस्थागत सुशासन, पारदर्शिता र नागरिकप्रतिको जवाफदेहिताबाट स्थापित हुन्छ भन्ने मेरो व्यक्तिगत बुझाइ र मान्यता रहेको छ।

बज्रबाराही चापागाउँ अस्पतालसँग आबद्ध रही प्रशासनिक कार्यसम्पादनका क्रममा मैले अनुभूत गरेको महत्वपूर्ण पक्ष के हो भने स्वास्थ्य संस्था केवल रोगको निदान र उपचार गर्ने केन्द्र मात्र होइन, नागरिकको जीवन, संवेदना, आशा र विश्वाससँग जोडिएको सार्वजनिक उत्तरदायित्वको महत्वपूर्ण आधार पनि हो। नेपालको संविधानद्वारा प्रत्याभूत स्वास्थ्यसम्बन्धी मौलिक हकको व्यावहारिक कार्यान्वयनका लागि स्वास्थ्य सेवाको उपलब्धता, पहुँच, गुणस्तर, निरन्तरता र निष्पक्षता सुनिश्चित गर्नु राज्यका निकाय तथा सम्बन्धित सेवा प्रदायक संस्थाहरूको महत्वपूर्ण दायित्व हो।

यस सन्दर्भमा प्रशासनिक व्यवस्थापनलाई केवल पत्राचार, निर्णय कार्यान्वयन, अभिलेख व्यवस्थापन वा दैनिक कार्यालय सञ्चालनमा सीमित गरेर हेर्नु उपयुक्त हुँदैन। प्रशासन संस्थाको नीतिगत उद्देश्यलाई कार्यरूप दिने, कानुनी प्रावधानको परिपालना सुनिश्चित गर्ने, स्रोतसाधनको परिचालन तथा व्यवस्थापन गर्ने, कार्यसम्पादनमा समन्वय कायम गर्ने र संस्थागत उत्तरदायित्वलाई व्यवहारमा रूपान्तरण गर्ने महत्वपूर्ण व्यवस्थापकीय संयन्त्र हो। त्यसैले प्रशासनिक कार्यसम्पादनमा विधिको शासन, प्रक्रियागत शुद्धता, निर्णयको औचित्य, पारदर्शिता, निष्पक्षता र जवाफदेहितालाई मूल आधारका रूपमा ग्रहण गरिनुपर्छ भन्ने मेरो धारणा छ।

सार्वजनिक पद तथा जिम्मेवारीसँग अधिकार मात्र होइन, कानुनी र नैतिक दायित्वसमेत अन्तर्निहित हुन्छन्। प्रचलित ऐन, नियम, कार्यविधि तथा स्वीकृत मापदण्डको परिपालना गर्नु, सार्वजनिक खरिद तथा वित्तीय कारोबारमा पारदर्शिता र मितव्ययिता कायम गर्नु, सार्वजनिक सम्पत्तिको संरक्षण गर्नु, निर्णय प्रक्रियालाई अभिलेखमा आधारित र औचित्यपूर्ण बनाउनु तथा सेवाग्राहीप्रति सम्मानजनक व्यवहार गर्नु जिम्मेवार सार्वजनिक प्रशासनका अपरिहार्य विशेषता हुन्। मेरो विचारमा कानुनको परिपालना बाध्यात्मक औपचारिकता मात्र नभई सार्वजनिक पदप्रतिको इमानदारी, निष्ठा र संस्थागत विश्वसनीयताको आधार हो।

संस्थागत विकासका क्रममा चुनौती, सीमित स्रोतसाधन र कार्यगत जटिलता स्वाभाविक रूपमा उपस्थित हुन्छन्। तथापि, यस्ता चुनौतीलाई सुधार र रूपान्तरणका अवसरका रूपमा ग्रहण गर्दै कार्यप्रणालीलाई सरल, पारदर्शी, प्रविधिमैत्री र नतिजामुखी बनाउने दिशामा निरन्तर प्रयास गरिनुपर्छ। व्यक्तिगत स्वार्थभन्दा संस्थागत हित, पदगत प्रभावभन्दा विधिसम्मत प्रक्रिया र औपचारिकताभन्दा परिणाममुखी कार्यसम्पादनलाई प्राथमिकता दिने संस्कारको विकास हुन सकेमा मात्र सार्वजनिक संस्थाको दिगो विकास सम्भव हुन्छ।

म व्यक्तिगत रूपमा के विश्वास गर्दछु भने कुनै पनि संस्थाको उन्नति एकल व्यक्तिको क्षमता वा प्रयासबाट मात्र सम्भव हुँदैन। यसका लागि नेतृत्वको स्पष्ट दृष्टिकोण, कर्मचारीको व्यावसायिक निष्ठा, कार्यविभाजनको स्पष्टता, अन्तरशाखागत समन्वय, प्रभावकारी अनुगमन, संस्थागत स्मरण तथा सामूहिक उत्तरदायित्वको अपरिहार्य भूमिका रहन्छ। सकारात्मक आलोचना, रचनात्मक सुझाव र कार्यसम्पादनबाट प्राप्त सिकाइलाई संस्थागत सुधारको आधार बनाउनु आधुनिक सार्वजनिक प्रशासनको महत्वपूर्ण आवश्यकता हो। यसै मान्यताका आधारमा बज्रबाराही चापागाउँ अस्पतालले आगामी दिनमा अझ व्यवस्थित प्रशासनिक प्रणाली, सुदृढ संस्थागत सुशासन, प्रभावकारी स्रोत व्यवस्थापन, जवाफदेही कार्यसंस्कृति र गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहको दिशामा निरन्तर प्रगति गर्न सकोस् भन्ने मेरो व्यक्तिगत अपेक्षा रहेको छ। संस्थामा कार्यरत प्रत्येक व्यक्तिले आफ्नो पदीय मर्यादा, कार्यक्षेत्र र कानुनी जिम्मेवारीप्रति सचेत रही साझा उद्देश्य प्राप्तिका लागि योगदान पुऱ्याउन सकेमा अस्पताललाई नागरिकको विश्वास र भरोसाको केन्द्रका रूपमा स्थापित गर्न निश्चित रूपमा सहयोग पुग्नेछ।

अन्त्यमा, यस संस्थाको विकास, सेवा प्रवाहको प्रभावकारिता र संस्थागत उन्नतिका लागि निरन्तर योगदान पुऱ्याउनुहुने सम्पूर्ण अग्रज, व्यवस्थापन पक्ष, चिकित्सक, स्वास्थ्यकर्मी, प्रशासनिक तथा सहयोगी कर्मचारी एवं सरोकारवालाहरूप्रति हार्दिक सम्मान र कृतज्ञता व्यक्त गर्दछु।

मेरो व्यक्तिगत मान्यता छ‘सार्वजनिक पद प्रतिष्ठाको विषय होइन, उत्तरदायित्वको विषय हो;

अधिकार सुविधाको माध्यम होइन, सार्वजनिक हितको संरक्षण गर्ने दायित्व हो।

विधिको शासनमा आधारित प्रशासन, नैतिक आचरण र सेवाभावयुक्त कार्यसंस्कृति नै सुशासन र समुन्नत संस्थाका वास्तविक आधार हुन्।

भिम बिष्ट

नायब सुब्बा



सम्पादकीय

यस बज्रबाराही चापागाउँ अस्पताल, ललितपुरले गत आ.व.२०८२/८३ मा सम्पन्न गरेका स्वास्थ्य सम्बन्धी स्वीकृत कार्यक्रमहरु र अस्पताल संचालन तथा व्यवस्थापन समितिको योजना तथा कार्यक्रमहरुको भौतिक एवं आर्थिक गतिविधिहरुको तथ्याङकीय विश्लेषण गरि सरोकारवाला तथा सम्बन्धित निकायहरुमा जानकारी दिने हेतुले यो पुस्तक प्रकाशन गरिएको हो । यस प्रतिवेदनले गत आ.व.मा अस्पतालले हासिल गरेका उपलब्धि तथा तिनका प्रभावको विश्लेषण पश्चात अस्पतालको लागि भावी योजना तयार गरि विगतका कमी कमजोरीहरु सच्याउदै सेवाग्राही वर्गलाई गुणस्तरीय सेवा प्रवाह गर्न सहयोग पुग्नेछ भन्ने विश्वास लिएको छु। साथै, यस प्रतिवेदनमा गत आ.व. मा प्रदान गरिएको स्वास्थ्य सेवाहरुको विवरण र सोबाट प्राप्त उपलब्धिहरु समावेश गरिएको हुँदा स्वास्थ्य क्षेत्रका विज्ञ, व्यवस्थापक, अनुसन्धानकर्ताको साथै सबै सरोकारवालाहरुका लागि सहयोगी सिद्ध हुनेछ भन्ने विश्वास समेत लिएको छु।

बज्रबाराही चापागाउँ अस्पतालले वि.स.२०२८ सालमा द्वारा विस्तारित स्वास्थ्य सेवा क्लिनिकको रुपमा स्थापना भई वि.स.२०४० सालमा टिचिङ हेल्थ सेन्टरको रुपमा सेवा शुरु गरेको थियो । वि.स.२०६२ सालमा प्राथमिक स्वास्थ्य सेवा तथा श्रोत केन्द्रको रुपमा आफ्नो भूमिका तथा स्वास्थ्य सेवा विस्तार गर्दै आएकोमा वि.स. २०७६ सालदेखि गोदावारी नगपालिमा मातहतमा रहि बज्रबाराही चापागाउँ अस्पतालको रुपमा संचालन भएको थियो ।

आ.व.२०७७/७८ देखि बागमती प्रदेश सरकार, स्वास्थ्य मन्त्रालय मातहत २५ शैचयाको अस्पतालको रुपमा संचालनमा रहेको यस अस्पतालले विशेष गरी ललितपुर जिल्लाको गोदावरी नगरपालिकाको साथै जिल्लाको दक्षिणी क्षेत्रका नागरिकहरुको स्वास्थ्य सेवाको केन्द्र विन्दुको रुपमा स्वास्थ्य सेवा प्रवाह गर्दै आइरहेको छ । अस्पतालको सेवा प्रवाह सम्बन्धी रेकर्डिङ रिपोर्टिङलाई पूर्ण डिजिटलाइज गरी कार्यान्वयन गरिरहेको यस अस्पतालले हाल ओपिडी सेवा (मेडिसिन, बालरोग, हाडजोर्नी, स्त्री तथा प्रसुती, डेन्टल, मनोरोग, ,आँखा लगायत), अन्तरंग सेवा, प्रसुति सेवा, आकस्मिक सेवा, एस.एन.सि.यु.सेवा, डेन्टल सेवा, शल्यक्रिया सेवा, फिजियोथेरापी सेवा, प्रयोगशाला सेवा, एम.सि.एच. सेवा., फार्मेसी सेवा, खोप सेवा, एक्स रे/ई.सि.जी/यु.एस.जी लगायतका सेवाहरु संचालन संचालन गरिरहेको छ ।


अन्त्यमा, अस्पतालको वार्षिक प्रतिवेदन तयारीका लागि प्रत्यक्ष/अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने अस्पतालका निमित्त मेडिकल सुपरिटेन्डेण्ट डा.किसन नेपाली ज्यू, सूचना प्रविधि अधिकृत श्री रिजन महर्जन सर लगायत विभिन्न शाखाका शाखा प्रमुखहरु लगायत कर्मचारीहरु प्रति हार्दिक आभारी सहित विशेष धन्यबाद प्रकट गर्दछु ।

विक्रम विश्वकर्मा
मेडिकल रेकर्डर निरीक्षक
बज्रबाराही चापागाउँ अस्पताल, ललितपुर

विषय सुची

क्र.सं	विवरण	पेज
१	ललितपुर जिल्ला : एक संक्षिप्त परिचय	10
२	बज्रबाराही चापागाउँ अस्पताल : परिचय	12
३	संगठन संरचना	15
४	स्वीकृत स्थायी कर्मचारीको दरबन्दी	16
५	अन्य करार तर्फ का कर्मचारी हरुको दरवन्दी	18
६	Hospital Equipments	20
७	बज्रबाराही चापागाउँ अस्पतालबाट प्रदान गरिने सेवाहरु	23
८	Hospital Major Indicators	39
९	MSS Score Follow-up report	40
१०	प्रगती बिवरण	41
११	वित्तीय विवरण	47
१२	मुख्य समस्याहरू र समाधानका उपायहरू	48
१३	महत्वपूर्ण उपलब्धीहरु	49
१४	Major priorities for hospital strengthen	50
१५	बिशेष योजना	51
१६	योनिस्राव (Vaginal Discharge)	54
१७	Wisdom teeth: should you Keep them or remove them?	57
१८	समस्या र चुनौती बीच नर्स	59
१९	उपचारको ढोकामा गरिबीको पहरा: **एउटा तीतो सामाजिक यथार्थ**	60
२०	केहि तस्विरहरु	62

ललितपुर जिल्ला : एक संक्षिप्त परिचय



संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको बागमती प्रदेश अन्तगत १३ जिल्ला मध्यको ललितपुर जिल्ला काठमाडौं उपत्यकाका तीन जिल्लाहरुमध्ये दक्षिणी भेगमा अवस्थित रहेको छ । हिन्दु तथा बौद्धहरुको पवित्र एवं प्रशिद्ध कृष्ण मन्दिर, अशोक स्तूप, महाबौद्ध, पाटन दरबार स्क्वायर, बंगलामुखी, विशंखुनारायण, कालेश्वर महादेवस्थान, बज्रबाराही, मछिन्द्रनाथ लगायत विभिन्न मठमन्दिर, पाटी-पौवा, स्तम्भहरु एवं सदर चिडियाखाना (जावलाखेल) तथा वनस्पति उद्यान (गोदावरी) रहनुले यस जिल्लाको प्रतिष्ठा नेपालको साथै विश्वमा समेत विस्तारीत हुन पुगेको छ । ऐतिहासिक र पुरातात्विक सम्पदाले भरिपूर्ण पाटन ददरबार स्क्वायरलाई युनेस्कोले विश्व सम्पदा सूचिमा समावेश गरेको छ ।

भौगोलिक वनावट, हावापानी, वनजङ्गल, नदीनाला र ताल, विभिन्न जनजातिहरुको रहनसहन, भेषभूषा आदिको विविधताले गर्दा यस जिल्लाले विशिष्ट महत्व बोकेको छ ।ललितपुर काठमाडाै उपत्यकाका तीन जिल्लाहरू मध्ये ऐतिहासिक तथा पुरातात्विक रूपले सम्पन्न जिल्ला हो। नेपालको मानचित्रमा ७७ जिल्लाहरू मध्ये ललितपुर जिल्लाले आफ्नो गौरवमय प्रतिष्ठालाई परिचित गराएको छ। यस जिल्लाको भौगोलिक बनावट, हावापानी, वन-जङ्गलको विविधता, नदी-नाला र ताल, विभिन्न जनजातिहरूको रहन-सहन, भेष-भुषा आदिको विविधताले यस जिल्लाले आफ्नै ऐतिहासिक महत्व बोकेको छ।

नेपालकाे मानचित्रमा ललितपुर जिल्लाको फैलावट २७ डिग्रि २२ मिनेट देखि २८ डिग्रि ५० मिनेट उत्तरी अक्षांश र ८५ डिग्रि १४ मिनेट देखि ८५ डिग्रि २६ मिनेट पूर्वी देशान्तरसम्म रहेको छ। यस जिल्ला समुद्री सतह देखि ४५७ मिटर उचाई देखि २८३१ मिटरसम्म रहेको छ। यस जिल्लाले नेपालको करिब ०.२६६% भू-भाग ओगटेको छ। यस जिल्लाको भु-धरातल मध्ये करिब एक तिहाई भाग उपत्यका भित्र र दुई तिहाई पहाड तथा दुर्गम क्षेत्रमा पर्दछ।

यस जिल्लाका दुर्गम स्थानहरूमा ठुलादुर्लुङ, कालेश्वर, प्यूटार, माल्टा, आश्राङ, गिम्दी, चन्दनपुर आदी पर्दछन्। ललितपुर जिल्लाको पूर्वमा काभ्रेपलाञ्चोक, पश्चिममा काठमाडौं, उत्तरमा भक्तपुर र दक्षिणमा मकवानपुर जिल्लासँग सिमाना जोडीएको छ। यस जिल्लाको क्षेत्रफल ३८५ वर्ग कि. मी. रहेको छ।

संघिय संरचना अनुसार ललितपुर जिल्लाको स्थानियतहको विभाजन साविकका नगर र गा.वि.स. का वडाहरूलाइ समेटेर १ वटा महानगरपालीका २ वटा नगरपालीका र ३ वटा गाउँपालिकामा विभाजन गरिएको छ ।

वि.सं. २०७८ को जनगणना अनुसार ललितपुर जिल्लाको कुल जनसंख्या ५,५१,६६७ रहेको छ ।

बज्रबाराही चापागाउँ अस्पताल : परिचय

बज्रबाराही चापागाउँ अस्पतालको सुरुवात २०२८ सालमा UMN द्वारा विस्तारित स्वास्थ्य सेवा क्लिनिकको रूपमा भएको थियो। यसले स्थानीय समुदायलाई स्वास्थ्य सेवामा पहुँच पुऱ्याउने लक्ष्य राखेको थियो। २०४० सालदेखि यसले टिचिङ हेल्थ पोस्टको रूपमा पनि सेवा प्रदान गर्न थालेको थियो, जसले समुदायलाई शिक्षा र स्वास्थ्य सेवाको महत्त्वबारे सचेत गराउँदै आयो। २०६२ सालमा, यस संस्थाले प्राथमिक स्वास्थ्य सेवा तथा श्रोत केन्द्रको रूपमा आफ्नो भूमिका थप विस्तारित गऱ्यो। यस अवधिमा, स्वास्थ्य सेवाको क्षेत्रमा विशेष ध्यान दिइएको थियो र समुदायलाई गुणस्तरीय सेवाहरू प्रदान गर्न विभिन्न कार्यक्रमहरू सञ्चालन गरियो। २०७३ सालमा बज्रबाराही सामुदायिक अस्पतालको रूपमा यसको परिचालन शुरु भयो। त्यही वर्ष पाटन स्वास्थ्य बिज्ञान प्रतिष्ठानको पाटन जिल्ला अस्पताललाई बज्रबाराही सामुदायिक अस्पतालको भवनमा स्थानान्तरण गरियो। यसले स्वास्थ्य सेवा प्रणालीमा सुधार ल्याउँदै सेवाहरूको स्तरलाई अझ बढी प्रभावकारी बनायो। २०७६ असोजदेखि, गोदावरी नगरपालिकाको मातहतमा बज्रबाराही चापागाउँ अस्पतालको रूपमा यो अस्पताल सञ्चालनमा आयो। स्थानीय प्रशासनको सक्रिय सहयोगले स्वास्थ्य सेवा प्रणालीलाई अझ सबल बनायो। आ.व. २०७७/७८ देखि यो अस्पताल बागमती प्रदेश सरकारको मातहतमा रही २५ शैयाको प्रादेशिक अस्पतालको रूपमा सञ्चालन भइरहेको छ। यसले अझ बढी आधुनिक स्वास्थ्य सेवाहरू उपलब्ध गराउँदै, सेवा स्तरमा निरन्तर सुधारको प्रतिबद्धता देखाएको छ। बज्रबाराही चापागाउँ अस्पताल स्थानीय समुदायको स्वास्थ्य सेवामा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ र भविष्यमा पनि यसले गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने लक्ष्य राखेको छ।



अस्पतालमा बाट प्रदान गरिने सेवाहरु

१. बहिरंग सेवा

- जनरल सेवा
- जनरल सर्जरी सेवा (विशेषज्ञ सेवा)
- हाडजोर्नी तथा नशा रोग विशेषज्ञ सेवा
- स्त्री तथा प्रसुती सेवा (विशेषज्ञ सेवा)
- मानसिक स्वास्थ्य सेवा (विशेषज्ञ सेवा, महिनाको अन्तिम शुकबार)
- डेन्टल सेवा
- बाल रोग सेवा
- आँखा रोग सेवा (विशेषज्ञ सेवा)
- फिजियोथेरापी सेवा

२. अन्तरंग सेवा

३. रेडियोलोजी सेवा (एक्सरे, तथा भिडियो एक्सरे)

४. २४ सै घण्टा फार्मेसी सेवा, इमरजेन्सी सेवा, प्रयोगशाला सेवा

५. EHS सेवा

कार्यक्रमहरु

१. आमा सुरक्षा कार्यक्रम (BEONC) २४ सै घण्टा

२. स्वास्थ्य बिमा कार्यक्रम

३. सामाजिक सेवा इकाई

४. MCH Clinic ,Family Planning, Safe Abortion Service

५. Neonatal Screening Programme

६. SNCU/NICU संचालन तथा व्यवस्थापन कार्यकम

७. मुख्यमन्त्री जनता स्वास्थ्य परीक्षण कार्यक्रम

८. हर्निया/हाईड्रोशिल निदान तथा उपचार कार्यक्रम

९. प्रर्देश अस्पतालहरू मार्फत ६५ वर्य मार्थका जेष्ठ नागरिकहरूलाई निःशुल्क दन्त सहायता सामाग्री (CD/RPD) सहयोग कार्यक्रम

भवन

बहिरंग विभाग, MCH Clinic र स्टोर : १ वटा

अन्तरंग विभाग, प्रशासन, डेन्टल ओ.पि.डी, ओ.टी, एक्सरे, CSSD, प्रसुती वार्ड : १ वटा

इमरजेन्सी शाखा : १ वटा

तालिम हल, डट्स क्लिनिक, चिकित्सक आवास : १ वटा

काउन्टर, ल्याव, फार्मेसी : १ वटा

अस्पताल क्यान्टिन, सुरक्षा गार्ड कक्ष : १ वटा

शैया विवरण

स्वीकृत संख्या : २५

हाल संचालनमा रहेको जम्मा शैया : २५


इमरजेन्सी विभाग : ५

अन्तरगं विभाग : २०

- General Ward : 8
- Maternity : 5
- Post Up Bed : 3
- Pedicatric :2
- SNCU :2

एम्बुलेन्स : १ वटा

शव वहान : १ वटा


Bajrabarahi Chapagaun Hospital
Administration
Account Section
Technical Section
Medical Record Section
IT Section/Health Insurance
OPD
Emergency
Indoor
Pharmacy
OT
Laboratory
X-Ray
MCH Clinic
Safe Abortion Service
DOTs Clinic
Safe Motherhood
Family Planning

टेबुल नं १: २५ शैया अस्पतालको लागि नेपाल सरकारद्वारा स्वीकृत स्थायी कर्मचारीकोदरबन्दी विवरण

क्र.स	पद	तह	सेवा	समुह	स्वीकृत दरबन्दी	कार्यरत	रिक्त दरबन्दी
१	मे.सु	नवौं/दशौं	स्वास्थ्य	ज.हे.स	१	१	०
२	क. ज .फिजिसियन	नवौं/दशौं	स्वास्थ्य	मेडिसिन	१	१	०
३	क.अब्स तथा गाइनेकोलोजिष्ट	नवौं/दशौं	स्वास्थ्य	अब्स.गाइने	१	०	१
४	क. अर्थोपेडिक्स	नवौं/दशौं	स्वास्थ्य	सर्जरी ,अर्थो	१	०	१
५	क. पेडीयाट्रीसियन	नवौं/दशौं	स्वास्थ्य	पेडियाट्रीक	१	०	१
६	क. जनरल सर्जन	नवौं/दशौं	स्वास्थ्य	सर्जरी	१	१	०
७	क. एनेस्थेसियोलोजिस्ट	नवौं/दशौं	स्वास्थ्य	सर्जरी	१	०	१
८	मेडिकल अधिकृत	आठौं	स्वास्थ्य	ज.हे.स	४	३	१
९	डेन्टल सर्जन	आठौं	स्वास्थ्य	डेन्टिष्ट्रि	१	०	१
१०	नर्सिङ्ग अधिकृत	सातौं	स्वास्थ्य	जनरल नर्सिङ्ग	१	०	१
११	मेडिकल ल्याब टेक्नोलोजिष्ट	सातौं	स्वास्थ्य	मे.ल्या.टे	१	१	0
१२	सहायक /अधिकृत	पाचौं/छैठौं	प्रशासन	सामान्य प्रशासन	१	१	०
१३	मे.रे. सुपरभाईजर	पाचौं/छैठौं	स्वास्थ्य	मेडिकल रेकर्डस	१	१	०
१४	ल्या.टे	पाचौं/छैठौं	स्वास्थ्य	मेडिकल ल्याब	३	३	०
१५	स्टाफ नर्स	पाचौं/छैठौं	स्वास्थ्य	जनरल नर्सिङ्ग	१२	१२	०
१६	हे.अ	पाचौं/छैठौं	स्वास्थ्य	हे.इ	५	५	०
१७	रेडियोग्राफर	पाचौं/छैठौं	स्वास्थ्य	रेडियोग्राफी	३	०(१ जना काज मा)	२

१८	एनेस्थेसिया असिस्टेन्ट	पाचौं/छैठौं	स्वास्थ्य	एनेस्थेसिया	१	१	०
१९	सहायक /अधिकृत	पाचौं/छैठौं	प्रशासन	लेखा	१	१	०
२०	फार्मेसी सहायक	पाचौं/छैठौं	स्वास्थ्य	फार्मेसी	१	०	१
२१	डेन्टल हाईजेनिस्ट	चौथों/पाचौं	स्वास्थ्य	डेन्टिष्ट्रि	१	०	१
२२	बायोमेडिकल टेक्निसियन	पाचौं/छैठौं	स्वास्थ्य	विविध	१	१	०
२३	सहायक कम्प्युटर अपरेटर	चौथों/पाचौं	प्रशासन	विविध	१	०	१
२४	अ.हे.व	पाचौं/छैठौं	स्वास्थ्य	हे.इ	१	०	१
२५	अ.न.मी	चौथों/पाचौं	स्वास्थ्य	प.हे.न	३	२	१
२६	ल्या.अ	चौथों/पाचौं	स्वास्थ्य	प्याथोलोजी	१	०	१
२७	ह.स.चा	विहिन	प्रशासन	-	१	०	१
२८	का.स/स्विपर	विहिन	प्रशासन	-	५	०	५
	जम्मा				५६	३५	२१

टेबुल नं. २ : बज्रबाराही चापागाउँ अस्पताल संचालन तथा व्यवस्थापन समिति तथा अन्य करार तर्फ का कर्मचारीहरुको दरवन्दी विवरण

क्र.स	पद	तह	सेवा	समुह	कार्यरत	कार्यक्रम
१	विशेषज्ञ चिकित्सक	नवौं	स्वास्थ्य	मेडिसिन	२	छात्रवृति करार
२	विशेषज्ञ चिकित्सक	नवौं	स्वास्थ्य	अब्स.गाइने	१	प्रदेश करार
३	विशेषज्ञ चिकित्सक	नवौं	स्वास्थ्य	सर्जरी ,अर्थो	१	प्रदेश करार
४	विशेषज्ञ चिकित्सक	नवौं	स्वास्थ्य	पेडियाट्रीक	१	प्रदेश करार
५	विशेषज्ञ चिकित्सक	नवौं	स्वास्थ्य	अप्थाल्मोलोजिष्ट	१	प्रदेश करार
६	विशेषज्ञ चिकित्सक	नवौं	स्वास्थ्य	MDGP	१	छात्रवृति करार
७	मेडिकल अधिकृत	आठौं	स्वास्थ्य	ज.हे.स	६	छात्रवृति करार ,विकास समिति
८	डेन्टल सर्जन	आठौं	स्वास्थ्य	डेन्टिष्ट्रि	२	प्रदेश करार ,विकास समिति
९	नर्सिङ्ग अधिकृत	सातौं	स्वास्थ्य	जनरल नर्सिङ्ग	५	छात्रवृति करार , प्रदेश करार
१०	सूचना प्रविधि अधिकृत	छैटौं	प्रशासन	विविध	१	विकास समिति
११	कम्प्युटर सहायक/ अपरेटर	चौथो/पाचौं	प्रशासन	विविध	६	प्रदेश करार ,विकास समिति ,सामाजिक सेवा इकाई,
१२	स्टाफ नर्स	पाचौं	स्वास्थ्य	जनरल नर्सिङ्ग	३	प्रदेश करार
१३	हे.अ	पाचौं	स्वास्थ्य	हे.इ	१	प्रदेश करार ,विकास समिति
१४	ल्याब टेक्नोलोजिष्ट	सातौं	स्वास्थ्य	मे.ल्या.टे	१	कार्यक्रम
१५	ल्या.टे	पाचौं	स्वास्थ्य	मे.ल्या.टे	१	प्रदेश करार ,विकास समिति
१६	ल्या.अ	पाचौं	स्वास्थ्य	मे.ल्या.टे	१	प्रदेश करार
१७	रेडियोग्राफर	पाचौं	स्वास्थ्य	रेडियोग्राफी	३	प्रदेश करार ,विकास समिति
१८	फार्मेसी सहायक	पाचौं	स्वास्थ्य	फार्मेसी सही	४	प्रदेश करार ,विकास समिति

१९	डेन्टल हाईजेनिस्ट	पाचौं	स्वास्थ्य	डेन्टिष्ट्रि	२	प्रदेश करार ,विकास समिति
२०	अ.न.मी	पाचौं	स्वास्थ्य	जनरल नर्सिङ्ग	३	प्रदेश करार ,विकास समिति
२१	का.स/स्विपर	श्रेणी विहिन	प्रशासन	प्रशासन	१३	प्रदेश करार ,विकास समिति
२२	ह.स.चा	श्रेणी विहिन	प्रशासन	प्रशासन	३	प्रदेश करार ,विकास समिति , कार्यक्रम
२३	सुरक्षा गार्ड	श्रेणी विहिन	प्रशासन	प्रशासन	२	समिति
जम्मा					६८	

टेबुल नं. ३ : Hospital Equipments

डिपार्टमेन्ट	औजार/उपकरणको नाम	संख्या	हालको अवस्था (संख्यामा)		विग्रेको मध्ये मर्मत गरी काम लाग्न सक्ने	उपकरण प्रयास / अप्रयास
			संचालनमा	विग्रेको		
Operation Theater	Cautery Machine	2	2			
	Pt.monitor	1	1			अप्रयास/ 1
	OT Table	2	2	1		
	OT Light	2	1	1	0	
	Radiant Warmer	1	0		1	अप्रयास/ 1
	Sunction Machine	1	1			अप्रयास/ 1
Laboratory	Gene Xpert	1	1			
	Microscope	2	1	1	1	
	Centrifuse	3	1	2	2	
	Semi Biochemistry Analyser	2	1	1	1	
	Fully Biochemistry Analyser	1	1			
Laboratory	Vertex	1	1			
	Haematology Analyser	2	1	1	1	
	Micro Pipete (10 Piece)	10	10			
	Water Bath	1	1			
	Blood Gas Analyser(ABG)	1	1			
	Sodium Potassium Analyser	3	1	2	2	
	Hot Air Oven	1	1			
	Oscillator	1	1			

	Immunoeassy (Wondfo)	1	1			
CSSD	Auto Clave	3	2	1	1	
	Washing Machine	2	1	1	1	
	Dryer	1	1			
Emergency	Nebulizer	2	2			अप्रयास / 2
	Patient Monitor	4	4			
	ECG	1	1			
	Oxygen Concentrator	1	1			अप्रयास / 4
	Defibrillator	1	1			
	Otoscope	1	1			
	laryngoscope	1	1			
	X-ray view box	1	1			
	Suction Machine	1	1			अप्रयास / 3
OPD	X-ray view box	3	3			
	Dental Chair	2	2			
	Dental X-Ray	1	1			
	Pulse Oximeter	4	4			अप्रयास / 4
	Otoscope	1	1			
	ECG	1	1			
General Ward/ SNCU/NICU	Oxygen Concentrator	4	4			
	Fumigation	1	1			
	Nebulizer	1	1			
	Patient Monitor	12	10			
	Radiant Warmer	2	2			
	Phototherapy	2	2			
	Syring Pump	3	3			अप्रयास
	Infusion Pump	2	2			अप्रयास
	Suction Machine	3	2	1	1	
Radiology	X-Ray Machine(300 MA)	1	1			
	Cassette	2	2			
	Control Box	1	1			


	Printer(Trimax)	1	1			
	Cassette Reader (CR)	1	1			
	USG	2	2			
Labour Room	Radiant Warmer	1	1			
	Weighing Machine	1	1			
	Oxygen Concentrator	1	1			
	Suction Pump	1	1			
	Delivery Table	1	1			
MCH	Refrigerator	1	1			
Procedure Room	Focus Lamp	1	1			
	Plaster Cutter	1	1			
Waste Management	Auto Clave	1	1			

बज्रबाराही चापागाउँ अस्पतालबाट प्रदान गरिने सेवाहरु

क. बहिरंग सेवा (OPD)

यस अस्पतालमा बिहान १० बजे देखि दिउँसो ५ बजे सम्म ओपिडि सेवा संचालन हुन्छ । यस अस्पतालमा गोदावरी नगरपालिकाका लगायत अन्य नगरपालिकाका दुर्गम ठाउँहरुबाट पनि बिरामीहरु ओपिडि सेवा लिनका लागि आएका हुन्छन । यस अस्पतालमा स्थायी, छात्रवृत्ति करार, प्रदेश करार मा रहेका चिकित्सकहरु बाट सहज र सर्वसुलभ रुपमा सेवा पाउने भएकोले सेवा लिन आउने सेवाग्राहीको संख्या दिनानुदिन बढिरहेको छ । यस अस्पतालमा विशेषज्ञ सहितको सर्जरी, मानसिक स्वास्थ्य सेवा, नाक कान घाँटी सेवा, हाडजोर्नी सम्बन्धी सेवा, सर्जरी सेवा, मेडिसिन सेवा, दन्त चिकित्सक सेवा, बालरोग सेवा, एम डि जि पी, स्त्री तथा प्रसुती रोग सेवा सेवा पनि संचालन हुदै आइरहेको पनि छ ।


चित्र नं.१ : यस आ.व. २०८२/०८३ मा यस अस्पतालको विभिन्न ओपिडिमा आएका अनुसार विरामीहरुको विवरण



ख. आकस्मिक सेवा

यस अस्पतालले सेवाग्राहीको स्वास्थ्य समस्यालाई मध्यनजर गर्दै चौबिसै घण्टा आकस्मिक सेवा संचालन गर्दै आइरहेको छ । सेवाग्राही हरुको चाँपलाई मध्यनजर गर्दै दक्ष स्वास्थ्यकर्मी तथा मेडिकल अधिकृत हरु मार्फत सेवा प्रदान गर्दै आइरहेको छ । गत आ.व. को तुलनामा यस आ.व.मा इमरजेन्सी मा सेवा लिन आउने बिरामीहरुको चाँप बढिरहेको छ ।


चित्र नं. २ : यस आ.व. २०८२/०८३ मा आकस्मिक विभाग बाट सेवा लिएका बिरामीहरुको विवरण




ग. अन्तरंग सेवा

यस अस्पतालमा आकस्मिक तथा ओपिडि सेवामा आउने बिरामीहरु लाई नियमीत रुपमा चिकित्सकको निगरानीमा राखेर औषधी उपचार गराउन पर्ने आवश्यक भएकाहरुलाई अन्तरंग विभागमा भर्ना गरि चिकित्सक मार्फत सेवा प्रदान गर्दै आइरहेको छ। यस अस्पतालमा अन्तरंग सेवा अन्तरगत प्रशुति सेवा, सर्जरी सेवा, बालरोग सेवा, हाडजोर्नी सेवा एकिकृत रुपमा संचालनमा आइरहेको छ ।

चित्र नं. ३ : यस आ.व. २०८२/०८३ मा अन्तरंग विभाग बाट सेवा लिएका बिरामीहरुको विवरण




चित्र नं. ४ : विभिन्न आ.व. मा ओपिडि, आकस्मिक र अन्तरंग सेवा लिने बिरामीहरुको विवरण



आमा सुरक्षा कार्यक्रम

१. प्रशुती सेवा

यस अस्पताल मा प्रशुति सेवा का लागि आउने सम्पूर्ण सेवाग्राहीका लागि २४ सै घण्टा प्रशुति सेवा निः शुल्क रुपमा उपलब्ध गराइएको छ । नेपाल सरकारबाट संचालित आमा सुरक्षा कार्यक्रबाट प्रशुति सेवा लिने सेवाग्राहीहरुलाई यातायात खर्च बापत रु. २०००।- र प्रोटोकल अनुसार (४,६,८ र ९ महिना) पूर्व प्रसुति जाँच गराएका महिलाहरुलाई प्रोत्साहन स्वरुप रु. ८००।- उपलब्ध गराइएको छ ।



चित्र नं. ५ : विभिन्न आ.व. मा प्रशुति वार्डमा भएका प्रसुतिहरुको विवरणहरु

सुरक्षित गर्भपतन सेवा

सुरक्षित गर्भपतन सेवालाई कानुनी मान्यता दिए पश्चात यस अस्पतालमा पनि गर्भवती महिलाको पूर्व स्वीकृतिमा ९ हप्ता भित्र औषधी द्वारा गरिने मेडिकल गर्भपतन सेवा तथा १२ हप्ता भित्र औजारद्वारा गरिने सर्जिकल गर्भपतन सेवा हरेक दिन निः शुल्क उपलब्ध छ ।


चित्र नं. ६: विभिन्न आ.व. मा यस अस्पतालबाट सुरक्षित गर्भपतन सेवा प्राप्त गरेका महिलाहरुको विवरण

Safe Abortion Care	2080/81	2081/82	2082/83	(+ / -)
1. No of CAC (Surgical Abortion)	3	9	2	
2. No of CAC (Medical Abortion)	52	59	49	
3. Proportion of <20 years women receiving abortion service	2	1	2	
4. No of abortion complication	1	0	0	
5. Proportion of long-term contraception among post abortion contraception used	18.18	16.18	6.25	
6. No of PAC	0	2	6	

MCH Clinic

यस अस्पतालमा जनस्वास्थ्य सेवा ऐन २०७५ ले निर्दिष्ट गरे अनुसार प्रत्येक नागरीकलाइ गुणस्तरिय स्वास्थ्य सेवा सहज र सर्वसुलभ रूपमा प्राप्त गर्ने र आधारभूत स्वास्थ्य सेवा अन्तर्गत का गर्भवती जाँच सेवा, परिवार नियोजन सेवा, पोषण सम्बन्धि सेवा, प्रजनन स्वास्थ्य सम्बन्धी सेवा, बालबालिकाको लागि खोप सेवा, गर्भवती महिला तथा प्रजनन उमेरका महिलाको लागि खोप सेवा पनि संचालनमा आइरहेका छन ।

चित्र नं. ६: आ.व. ०८१/०८२ मा यस अस्पतालको MCH Clinic बाट सेवा प्राप्त गरेका महिलाहरुको विवरण



परिवार नियोजन सेवा

८. परिवार नियोजन कार्यक्रम					
अस्थायी साधन	नयाँ प्रयोगकर्ता		हाल आपनाई रहेका	सेवामा नियमित नभएका	साधन वितरण	
	< २० वर्ष	≥ २० वर्ष			इकाई	परिमाण
1	2		3	4	5	6
कण्डम					गोटा	2440
आकस्मिक गर्भनिरोधक चक्की					ओज	
पिल्स		31	200	31	साइकल	226
डिपो	3	99	649	154	ओज	322
सायना प्रेस	1	23	247	37	ओज	64
आई. यु. सी. डी.		8	433	12	सेट	8
इम्प्लान्ट (५ वर्ष अवधिको)		49	3827	65	सेट	49
इम्प्लान्ट (३ वर्ष अवधिको)					सेट	

खोप सेवा (डोजमा)

१. खोप कार्यक्रम																												
खोपको प्रकार		बि.सी.जी. (BCG)	रोटा (Rota)		पोलियो (OPV)			एफ.आई.पि.भी. (FIPV)		पी. सी. भी. (PCV)			डी.पी. टी-हेप वि.- हिब. (DPT, Hep-B, Hib)			दादुरारुवेला (MR)		जे.ई (JE)	टाईफाईड (TCV)	२३ म. भित्र पूर्णखोप प्राप्त गरेका बच्चा	एच.पि.भि. (HPV) **	टि.डी. (गर्भवती महिला) (TD)			२४ - ५९ म. मा खोप शुरु गरेका बच्चा	AEFI Cases (जनामा)	
			पहिलो	दोस्रो	पहिलो	दोस्रो	तेस्रो	पहिलो	दोस्रो	पहिलो	दोस्रो	तेस्रो	पहिलो	दोस्रो	तेस्रो	पहिलो	दोस्रो					पहिलो	दोस्रो	दोस्रो+		सामान्य	गम्भिर
1		2	3	4	5	6	7	8	9	10	11	12	13	14	15	16	17	18	19	20	21	23	24	25	26	27	
खोप पाएका बच्चाहरुको संख्या		86	281	284	281	284	263	263	228	281	284	228	281	284	263	228	202	205	202	202		86	62	113			
खोप (डोज)	यस महिनामा प्राप्त भएको	985	949		1162			720		1037			1190			765		410	466			378					
	खर्च भएको खोप दिन खोलेको	740	566		946			630		868			960			515		280	265			295					
	खर्च भएको अन्य कारणले बिग्रेको		4																5								
	फिर्ता	245	379		216			90		169			230			250		130	196			83					

प्रजनन स्वास्थय रूग्णता सेवा

९. प्रजनन् स्वास्थ्य रुग्णता सेवा

पाठेघरको मुखको क्यान्सर						
	HPV DNA		VIA		Pap Smear & Others	
	Screened	Positive	Screened	Positive	Screened	Positive
1		3	4	5	6	7
३०-४९ वर्षका महिलाको संख्या			82	11	36	36
५० वर्ष भन्दा माथिका महिलाको संख्या			25	4	7	7
Ablative Treatment गराएको (संख्यामा)	12					
Colposcopy (संख्यामा)						
Leep बिधिबाट उपचार पाएका महिलाको संख्या						

स्तन क्यान्सर			
	< ४० वर्ष	४०-७० वर्ष	> ७० वर्ष
1	2	3	4
Screened (सबै विधिबाट)	60	43	
Mamogram विधिबाट screening गरेको संख्या			
Suspected			

अब्सटेट्रिक फिस्टुला			
1	2	3	4
Screened	42	Referred	
Suspected		शल्यक्रिया गरेको	

आङ्ग खस्ने समस्या (महिलाको संख्या)		
1		2
Screened		141
Prolapsed पत्ता लागेको	Stage 1 & 2	18
	Stage 3	3
	Stage 4	3
Ring pessary लगाईएको		3
प्रेषण गरेको		5
शल्यक्रिया गरेको		

बृध्दी अनुगमन गरिएको बालबालिकाको पोषणको स्थिति

यस महिनामा बृध्दि अनुगमनका लागि दर्ता भएका बच्चा	बृध्दि अनुगमन गरिएका बालबालिकाहरुको पोषण स्थिति					
	०-११ महिना			१२-२३ महिना		
	सामान्य	जोखिम	अति जोखिम	सामान्य	जोखिम	अति जोखिम
1	2	3	4	5	6	7
पहिलो पटक भेट	39	1				
दोहोऱ्याइ आएको	438	2		96	13	4

स्वास्थ्य बिमा कार्यक्रम

स्वास्थ्य बिमा कार्यक्रम स्वास्थ्य सेवा उपयोगको क्रममा हुने अनियोजित खर्चको जोखिमलाई अग्रिम व्यवस्थापन गर्दै वित्तिय संरक्षण प्रदान गर्ने अवधारणा अन्तर्गत सरकारले ल्याएको सामाजिक सुरक्षाको एक महत्वपूर्ण कार्यक्रम हो । समस्त नेपाली नागरिकलाई सर्वसुलभ रुपमा गुणस्तरिय स्वास्थ्य सेवा प्रदान गर्न र स्वास्थ्य सेवा उपयोगमा सुधार ल्याउनका लागि सामाजिक स्वास्थ्य बीमाको आधारमा सबैका लागि स्वास्थ्य सेवा सुनिश्चत गर्ने उद्देश्यका साथ २०७२ सालमा सामाजिक स्वास्थ्य सुरक्षाका रुपमा शुरुवात भएको यो कार्यकम हाल स्वास्थ्य बीमा बोर्डले संचालन

गर्दै आएको छ। यस बज्रबाराही चापागाउँ अस्पतालमा आ.व २०७८/०७९ देखि स्वास्थ्य विमा सुरु भएको थियो । गत आ.व २०८२/०८३ मा यस अस्पताल बाट स्वास्थ्य बीमा अन्तर्गतबाट कुल ३८,६२४ जनाले सेवा लिएका छन ।

अन्य सेवाहरु

चित्र नं. ७ : यस बज्रबाराही चापागाउँ अस्पतालमा गत ३ बर्ष मा एक्सरे, भिडियो एक्सरे, तथा ई.सि.जि. सेवा लिएका विरामीहरुको विवरण

Indicators	2080/81	2081/82	2082/83	(+ /- / =)
Average number of X ray image per day	18	26	29	+
Average number of USG image per day	19	23	25	+
Average number of ECG image per day	5	7	8	+

प्रयोगशाला सेवा

अस्पतालले निश्चित वर्गका सेवाग्राहीहरुलाई पूर्ण तथा आंशिक निः शुल्क सेवा पनि प्रदान गर्दै आइरहेको छ । यहाँ एच. आई.भि. टेष्ट, खकार परीक्षण, Gene Xpert जस्ता परीक्षणहरु पूर्ण निःशुल्क गराउँदै आएको छ । यस आ.व. मा यस अस्पतालबाट कुल १४,९९२ जना सेवाग्राहीले प्रयोगशालामा सेवा लिएका छन ।

टेबुल नं. ४ : आ.व. २०८१/०८२को अस्पताल प्रयोगशाला सेवा विवरण

FY	Total Patients	Hematology	Immunology	Biochemistry	Bacteriology	Virology	Parasitology	Hormone	Total Tests
2080/81	18077	42348	4929	30648	881	794	4433		**84033**
2081/82	14770	57875	7000	54825	406	1756	8714	3441	**1,34,017**
2082/83	14922	81854	9444	7632	189	2299	10671	7285	**1,91,374**

फार्मेसी सेवा

यस बज्रबाराही चापागाउँ अस्पतालमा उपचार गर्न आएका बिरामीहरुको लागि २४ सै घण्टा फार्मेसी सेवा उपलब्ध रहेको छ । जसमा स्वास्थ्य बिमा अन्तर्गतका औषधीहरु, नेपाल सरकारद्धारा वितरण गरिएका निः शुल्क औषधीहरु पनि पाइन्छ । साथै सबै बिरामीहरुलाई सबै प्रकारका औषधी किन्दा ५% छुट पनि दिइएको छ ।

टेबुल नं. ५ : आ.व. २०८२/०८३ को अस्पताल फार्मेसी विवरण

क्र.स	विवरण	
१	फार्मेसी संचालन गरेको मिति	२०७७/०४/०१
२	फार्मेसीमा उपलब्ध औषधिहरूको संख्या	८५० +
३	फार्मेसीमा कार्यरत जनशक्ती संख्या (जना)	४
४	Software को अबस्था (उपलब्धता, अवस्था)	Medhisa, Functioning
५	वार्षिक आम्दानी रकम (रू)	१,१९,५९,०४६/-
६	वार्षिक खर्च (औषधि खरिद, कर्मचारी तथा अन्य) रू.	१,०९,२८,३४८/-
७	अस्पताललले औषधी खरिद गर्ने बिधि/ प्रक्रिया	प्रचलित ऐन

मूख्यमन्त्री जनता स्वास्थ्य कार्यक्रम

नेपालमा नसर्ने रोग खासगरी मुटु तथा रक्तनली, दम, मधुमेह, क्यान्सर र सो बाट हुने मृत्युदर दुई तिहाइ भन्दा बढी रहेको, बागमती प्रदेशका स्वस्थ व्यक्तिमा नसर्ने रोगहरु र तिनका जोखिमहरु समयमा नै पहिचान गरी उचित परामर्श, स्वस्थ व्यवहार, परीक्षण, निदान र उपचार गरी नसर्ने रोग जटिल हुन नदिन तथा हृदयघात, मस्तिष्कघात, अब्सटेट्रिक लगायत नसर्ने रोगको रोकथाम, नियन्त्रण, न्युनिकरण, निदान र उपचारमा आर्थिक सहायता तथा सहुतिलय दिने र सहजीकरण गर्ने कार्यलाई व्यवस्थित गर्न महत्वपुर्ण भएकोले बागमती प्रदेश सरकारले यो कार्यविधि बनाएको हो । बागमती प्रदेश भित्र स्थायी बसोबास भएका ३० बर्ष वा सो भन्दा माथि उमेर समूहका सम्पूर्ण नागरिकहरु लक्षित समूह अन्तर्गत पर्दछन । बज्रबाराही चापागाउँ अस्पताल मा यो कार्यकम यहि आ.व. २०७९/८० बाट संचालनमा आएको हो। गत आ.व. २०८२/८३ मा कुल ९१ जना सेवाग्राही हरु ले यो कार्यकम अन्तर्गतबाट आफ्नो स्वास्थ्य परीक्षण गरी सेवा लिएका छन ।

टेबुल नं ६ आ.व २०८२/०८३ मा मुख्यमन्त्री जनता स्वास्थ्य कार्यक्रमबाट सेवा लिएका सेवाग्राहीहरुको विवरण

रेफर भई आएका/ परिक्षण जम्मा सेवा ग्राहीहरुको संख्या				पहिचान गरिएका नसर्ने रोगहरुको अवस्था								
उमेर समुह	लिङ्ग			उच्च रक्तचाप	उच्च रक्तचापको लागि औषधि सेवन गर्ने	मधुमेह	मधुमेहको औषिधि सेवन गरेका	दिर्घ मिर्गौला रोगी	महिलाको पाठेघरको मुखको भि.आई. ए. गरेको		महिलाको मूत्र नलीबाट पिसाब वा दिसा वा दुबै चुहिने समस्या	
	महिला	पुरुष	अन्य						सामान्य	असामान्य	भएको	नभएको
३०-३९ बर्ष	17	13	0	8	3	1	1					
४०-४९ बर्ष	21	17	0	6	2	6	2					
५०-५९ बर्ष	10	7	0	3	2	4	4					
६० बर्ष वा सो भन्दा माथि	4	2	0	3	2	3	3					
जम्मा	**52**	**39**	**0**	**20**	**9**	**13**	**10**					


सामाजिक सेवा एकाई कार्यक्रम

सामाजिक सेवा एकाई भन्नाले लक्षित समुहका बिरामीहरुलाई स्वास्थ सेवामा समतामूलक पहुँच एबं उपयोग अभीब्रिधि गर्ने,निःशुल्क तथा आंशिक छुटमा नियमित तथा बिशेषज्ञ सेवाहरू उपलब्ध गराउने,स्वास्थ्य बीमा,बिपन्न नागरिक उपचार कोष , ज्येष्ठ नागरिक उपचार कोष, नवजात शिशु स्वास्थ्य ,मानसिक स्वास्थ्य, गरिब तथा बिपन्न बर्गका लागि निःशुल्क आकस्मिक सेवा लगायत सबै स्वास्थ्य सुरक्षा कार्यक्रमहरुको संयोजन एबं सहजीकरण गर्ने उदेश्यले आ.व २०६९/७० देखि ८ ओटा अस्पताल बाट सुरु गरि स्थापित भएको एकाई हो ।प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट बन्चित गरिने छैन भन्ने मान्यतानुसार समाजमा सामाजिक वा आर्थिक दृष्टिले पिछडिएका शिक्षा, स्वास्थ्य र रोजगारीको मूलधारवाट पछाडि परेकाहरूको लागि आकस्मिक स्वास्थ्य सेवामा पहुँच पुर्याउदै विशेष सामाजिक सुरक्षा तथा स्वास्थ्य सेवा सहज, सरल र निःशुल्क प्रदान गर्न वाञ्छनीय भएकोले जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ६४ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले सामाजिक सेवा एकाइ(स्थापना तथा संचालन) निर्देशिका,२०७८(परिमार्जन २०७९) जारी गरेको छ ।यस बज्रबाराही चापागाँउ अस्पतालमा आ.ब. ०७९/८० देखि सामाजिक सेवा एकाई संचालनमा आएको थियो ।


यस आ.व. २०८२/०८३ मा यस अस्पतालको सामाजिक सेवा इकाइ बाट सेवा पाएका विवरण

Target Group	Number		
	Female	Male	Total
